नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# गौर भन्सार कार्यालय

गौर, रौतहट

## सवारी साधन लिलाम बिक्री सम्बन्धी दोस्रो पटकको ७ दिने सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः- २०८२/०६/२६

विभिन्न मितिमा विभिन्न निकायहरुबाट चोरी निकासी/पैठारीको अभियोगमा यस कार्यालयमा भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा दाखिला भएका विभिन्न सवारीसाधन भन्सार नियमावली २०६४ को नियम ३६(४) र ऐ.नियमावलीको नियम ३६(५) बमोजिम जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा यस कार्यालयले सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गरिनेबारे मिति २०८२/०४/२८ गतेको नागरिक दैनिक राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित भएकोमा सोमध्ये लिलामा बिक्री हुन नसकेका बाँकी सवारीसाधनहरुको क्रमशः दोस्रो बोलपत्रदाता र पुनः लिलाम बिक्री गरिने भएकोले इच्छुक व्यक्ति, फर्म,कम्पनी वा संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न सर्तमा गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। बोलपत्र फाराम कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखाबाट तोकिएको दस्तुर(पछि फिर्ता नहुने गरि) तिरेर खरिद गर्न सकिनेछ । साथै आफुले कबोल गरेको रकमको न्यूनतम १0%(दश प्रतिशत)ले हुने धरौटि रकम यस कार्यालयको नाममा प्रभु बैक लिमिटेड, गौर भन्सार काउन्टरमा रहेको धरौटि खाता नं.०९६०१४०३६७६०००११ मा जम्मा गरी सोको सक्कल बैंक भौचर बोलपत्र फारामसाथ पेश गर्नु पर्नेछ । यो सूचना भन्सार

विभागको वेबसाईट www.customs.gov.np तथा यस कार्यालयको वेबसाइट https://gaur.customs.gov.np/ मा पनि हेर्न सकिनेछ ।
अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

| सुचना सि.नं. | मुद्दा नं./ मुद्दा दर्ता मिति | सवारीको किसिम | कम्पनी//मोडल | इन्जिन नं. | चेसिस नं. | उत्पादन बर्ष(ईस्वी सम्वत) | ईन्जिन क्षमता(सि.सि.) | न्यूनतम मूल्य(रू.) | पहिलो बढी कबोल गर्ने बबोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम रू. | धरौटि रकम रू.साथै जफत गर्नुपर्ने धरौटि रकम रू. | स्वीकृत गर्नुपर्ने दोश्रो बढी कबोल गर्ने बोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | ६७७/२०८१।१०।१४ | मो.सा. | HONDA// CB SHINE | JC65E-7-1288826 | ME4JC658JH7017016 | 2017 | 125 | १२००० | यादव स्क्रेब सेन्टर/रौतहट | ३४५००।०० | ३५००।०० | अवधेश कुमार.साह/रौतहट | ३००००।०० | |
| २६ | ८००/२०८१।११।११ | मो.सा. | HERO//GLAMOUR | JA06EJG9C06118 | MBLJA06AMG9C05804 | 2016 | 124.7 | १०००० | यादव स्क्रेब सेन्टर/रौतहट | ३२५००।०० | ३३००।०० | कामेश्वर प्रसाद साह/रौतहट | २५०००।०० | |
| २९ | ८००/२०८१।११।११ | मो.सा. | HERO//GLAMOUR | JA06ERJGM07178 | MBLJAR021JGM05039 | 2018 | 124.7 | १३००० | मनकामना स्क्रेब कबार/रौतहट | २८७००।०० | ४५००।०० | अवधेश कुमार साह/रौतहट | २००००।०० | |
| ४३ | ८७५/२०८१।१२।०४ | मो.सा. | HERO//SUPER SPLENDOR | JA05ECG9D29469 | MBLJA05EMG9D10762 | 2016 | 124.7 | १०००० | यादव स्क्रेब कबाड/रौतहट | ३०५००।०० | ३१००।०० | शेख नेक महम्द/रौतगट | २५५५०।०० | |
| ५२ | ९६२/२०८१।१२।३१ | मो.सा. | BAJAJ//PULSAR NS | JLYCJB79182 | MD2A36FY6JCB34987 | 2018 | 199.5 | ३५००० | कामेश्वर प्रसाद साह/रौतहट | ५००००।०० | ५०००।०० | रामबाबु केशरी/बारा | ४५०००।०० | |
| ५३ | ९६७/२०८२।०१।०१ | मो.सा. | HONDA// SP SHINE | JC73E-T-1074350 | ME4JC736DHT001217 | 2017 | 125 | २०००० | मनकामना स्क्रेब कबार/बारा | ५२२५०।०० | ५२५०।०० | आदि इन्टरप्राइजेज/बारा | २६१००।०० | |
| ५५ | ९७९/२०८२।०१।०४ | मो.सा. | HERO//GLAMOUR | JA06EJGGA33211 | MBLJA06ANGGA07241 | 2016 | 124.7 | १०००० | यादव स्क्रेब कबाड/रौतहट | ३२५००।०० | ३३००।०० | कामेश्वर प्रसाद साह/रौतहट | २५०००।०० | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७४ | १११३/२०८२।०२।०८ | मो.सा. | HERO//SPLENDOR PLUS | HA11EYNHB8-4591 | MBLHAW12XNHBB0502 | 2022 | 97.2 | ६६००० | अरुण कुमार यादव/बारा | ७७०००।०० | ७७००।०० | १ वटा मात्र बोलपत्र दर्ता भएको । | |

## पुनःलिलाम गर्ने बारे

| सुचना सि.नं. | मुद्दा नं. | दर्ता मिति | सवारी को किसिम | कम्पनी//मोडल | ईन्जिन नं. | चेसिस नं. | उत्पादन बर्ष | क्षमता(सि.सि.) | न्युनतम मूल्य(रू.) | बोलपत्र दस्तुर(रू.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७० | १०७५ | २०८२।०१।२४ | मो.सा. | HERO//SPLENDOR PLUS | HA11E8PHLA3992 | MBLHAW229PHL59926 | 2023 | 97.2 | ८५००० | १००० | |
| ७२ | १०७७ | २०८२।०१।२४ | मो.सा. | HERO//SPLENDOR PLUS | HA11EYMHL66137 | MBLHAW12XMHL81169 | 2022 | 97.2 | ६५००० | १००० | |
| ७४ | १११३ | २०८२।०२।०८ | मो.सा. | HERO//SPLENDOR PLUS | HA11EYNHB84591 | MBLHAW12XNHBB0502 | 2022 | 97.2 | ६६००० | १००० | |
| ८३ | ११७७ | २०८२।०२।२८ | मो.सा. | BAJAJ//PLATINA | PFXRNA02693 | MD2B77AX4NRA55527 | 2022 | 99.27 | ७०००० | १००० | |

सलवन्दी बोलपत्र फारम सम्वन्धि शर्तहरू:

१। प्रति बोलपत्र फाराम रू.१,०००।००(एक हजार मात्र) दस्तुर (पछि फिर्ता नहुने गरी) प्रभु बैंक लिमिटेड बैंकमा रहेको यस गौर भन्सार कार्यालयको राजस्व खाता नं.०९६०१२५१५८००००१२ मा कार्यालयको कोड नं.३०५०३२००१ र राजस्व संकेत नम्बर १४२२९(अन्य प्रशासनिक शुल्क) मा बुझाएको सक्कल भौचर पेश गरी यस कार्यालयको मुद्दा शाखाबाट सूचना प्रकाशित भएको मितिले ७(सात) औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२। आफुले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरि स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ । सच्याईएको वा केरमेट गरिएको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिईनेछ ।

३। बोलपत्र फाराम पेश गर्दा सो बोलपत्र साथ प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य व्यक्ति(फर्म/कम्पनी/संघ/संस्था)को हकमा स्थायी लेखा नम्बर(एब्ल)को दर्ता प्रमाणपत्रको प्रतिलिपि र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि खामभित्र राखी

नेपाल सरकार
अर्थ मन्त्रालय
गौर भन्सार कार्यालय
रौतहट, गौर

खाममा शिलछाप समेत लगाई पेश गर्नुपर्नेछ । खाम बाहिर बोलपत्र सूचनाको सिरियल नम्बर, मुद्दा नम्वर र बोलपत्रदाताको नाम, ठेगाना खुलाउंनु पर्नेछ । साथै प्रत्येक सूचनाको सिरियल नम्बरको सवारी साधनको लागि छुट्टा छुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्नुपर्नेछ ।

४। बोलपत्रदाताहरूले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयबाट बिक्रि गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ । साथै कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुनेछैन ।

५। यस कार्यालयबाट खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको अपरान्ह १२:०० बजे सम्म यस कार्यालयको मुद्दा शाखामा(सो दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरू सोही दिन (२०८२/०७/०२ गते) दिउंसो १४:०० बजे बोलपत्रदाता र अन्य तोकिएका व्यक्तिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६। बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पार्टीमा सूचना प्रकाशित गरि जानकारी गराईनेछ । साथै भन्सार विभागको वेबसाइट www.customs.gov.np र यस कार्यालयको वेबसाइट https://gaur.customs.gov.np/ मा राखिएको सूचनाबाट समेत हेर्न सकिनेछ ।

७। कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि सो रकममा नियमानुसार लाग्ने मू.अ.कर र सडक निर्माण दस्तुर समेत दाखिला गरि बोलपत्र स्वीकृत भएको मितिले ७(सात) दिन भित्र सवारी तथा ढुवानी साधन उठाइ लैजानु पर्नेछ । म्याद भित्र उठाइ नलगेमा भन्सार नियमावली २०६४ को नियम ३६ को उपनियम ४ बमोजिमको धरौटी रकम जफत गरि न्युनतम मूल्य भन्दा बढी कबोल गर्ने क्रमश: दोश्रो, तेश्रो वा चौथो बोलपत्रदाताको कबोल अंक स्वीकृत गरिनेछ ।

८। लिलामबाट सकार गरेको सवारी तथा ढुवानी साधनहरू प्रचलित ऐन, नियम अनुसार दर्ता गराउने कार्य निज लिलाम सकार कर्ताको नै हुनेछ ।

९। बोलपत्रको प्रकाशित सूचना कार्यालयले कुनै पनि बेला सूचना प्रकाशित गरि संशोधन, स्थगन वा रद्द गर्न सक्नेछ । साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । यसमा उल्लेख भए बाहेक अन्य विषयहरू प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।